आज मिति २०८० साल जेठ २९ गते सोमबारका दिन विहान १०:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

उपस्थिती :

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 1 | संजिव ओली | अध्यक्ष | 9851004295 | |
| 2 | देविका थामी | उपाध्यक्ष | 9844395653 | |
| 3 | मेम वहादुर तमाङ | वडा अध्यक्ष - १ | 9844465149 | |
| 4 | दिपक ठकुरी | वडा अध्यक्ष - २ | 9844306572 | |
| 5 | ढाल बहादुर तमाङ | वडा अध्यक्ष - ३ | 9864004147 | |
| 6 | राम चन्द्र खड्का | वडा अध्यक्ष - ४ | 9863637498 | |
| 7 | काले शेर्पा | वडा अध्यक्ष - ५ | 9844238430 | |
| 8 | टहल बहादुर थामी | वडा अध्यक्ष - ६ | 9854045940 | |
| 9 | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष - ७ | 9849170321 | |
| 10 | हिरा थामी | वडा अध्यक्ष - ८ | 9866419510 | |
| 11 | गोमा के.सी. | कार्यपालिका सदस्य | 9844196396 | |
| 12 | ज्योती माया थामी | कार्यपालिका सदस्य | 9844555899 | ज्योतीमाया |
| 13 | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | 9851053461 | |
| 14 | टलमाइ तमाङ | कार्यपालिका सदस्य | 9866438101 | |
| 15 | मैया नेपाली | कार्यपालिका सदस्य | 9860410065 | |
| 16 | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | 9864002654 | |
| 17 | कृष्णहरि पौडेल | प्रमुख प्रशासकिय अधिकृत | | |
| 18 | पुजन प्रसाद अधिकारी | शाखा अधिकृत, सातौ | | |
| | | | | |

# मिति २०८०।०२।२९ गतेको विगु गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. आगामी आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सम्बन्धमा ।

२. वडा कार्यालय भवन निर्माण, विगु ८ को स्थान यकिन गर्ने सम्बन्धमा ।

३. श्री हिमालय मावि, विगु ८ को जिर्ण र जोखिम अवस्थाको ४ कोठे भवन भत्काउने सम्बन्धमा ।

४. रकमान्तरका सम्बन्धमा ।

५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र भ्याद भित्र नविकरण नभएका इजाजतपत्रको नविकरण गर्ने सम्बन्धमा ।

६. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

७. सामुदायिक विद्यालयका प्र.अ.हरुको सम्बन्धमा ।

८. चक्रेश्वरी सामूदायिक स्वास्थ्य इकाई सञ्चालन स्वीकृतीका सम्बन्धमा ।

९. गाउँपालिका अध्यक्षको सचिवालयमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धमा ।

१०. विपद पूर्व तयारीका सम्बन्धमा ।

११. सडक हेरालुको सम्बन्धमा ।

१२. विगु गाउँपालिका रोजगार संवाद मञ्च व्यवस्थापन कार्यविधि २०८० स्वीकृतीका सम्बन्धमा ।

१३. विविध ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सम्बन्धमा वडास्तरको योजना तथा कार्यक्रमको तर्जुमाको निम्ति बस्ति टोलस्तरमा आयोजना छनौट गरि वडा समितिमा छलफल गरी र विषयगत समितिहरुले योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण गरि विगु गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा असार ७ गते भित्र पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा वडा कार्यालय भवन निर्माण, वडा नं ८ को लागि विगु ८ स्थित ठूलो पधेरामा स्थान यकिन गरिएको निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा विगु ८ खापाचागु स्थित श्री हिमालय मावि, विगु ८ को जिर्ण र जोखिम अवस्थाको ४ कोठे भवन हाललाई भत्काउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आ.व. २०७९।०८० का तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको देहायबमोजिम संशोधन तथा रकमान्तर गरियो ।

तपसिल :

| घटाउने | | |
|---|---|---|
| क्र.सं. | योजना तथा कार्यक्रमको शिर्षक | रकम |
| १ | इ.एन.टि. तथा दन्त सेवा सञ्चालन तथा व्यवस्थापन | रु. ५,००,०००।— |
| ३ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | रु. २९,५०,०००।— |
| ४ | वडा स्तरिय खानेपानी योजना | रु. ६,००,०००।— |
| ५ | अध्यक्ष शिक्षा आधुनिकिकरण कार्यक्रम | रु. १२,००,०००।— |
| ६ | कर्मचारी अध्ययन भ्रमण अवलोकन | रु. ४,००,०००।— |
| जम्मा | | रु. ५६,५०,०००।— |

| बढाउने | | |
|---|---|---|
| क्र.सं. | योजना तथा कार्यक्रमको शिर्षक | रकम |
| २ | महिला स्वयंमसेविका सम्मान, विदाई तथा विविध खर्च | रु. ५,००,०००।— |
| ३ | वडा कार्यालय भवन निर्माण, वडा नं ७ | रु. १६,००,०००।— |
| ४ | २ वटा विद्यालयमा सिसिटिभी जडान | रु. ६,५०,०००।— |
| ५ | ३७८ औं PTC र ५२८ औं BTC स्काउट तालिम | रु. ४,५०,०००।— |
| ६ | शिक्षक भर्चुअल तालिम | रु. २,००,०००।— |
| ७ | वेभ वेस कार्यक्रम | रु. ३,००,०००।— |
| ८ | जगत बस्ति सुरक्षित ग्याविन जालि Foundation कार्य | रु. २,५०,०००।— |
| ९ | ओराङ खोला झोलुङ्गे पुलको पहुँच मार्गको कार्य | रु. ६,००,०००।— |
| १० | ग्याविन जाली खरिद, वडा नं ७ | रु. ६,००,०००।— |
| ११ | खहरे खोला ग्याविन जालि | रु. ५,००,०००।— |
| जम्मा | | रु. ५६,५०,०००।— |

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा विगु गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को उपदफा (३) र (४) अनुसार म्यादभित्र नविकरण नभएकोमा स्वतः खारेजीको व्यवस्था रहेकोले खारेजी प्रक्रियामा नगई बढीमा पाँच वर्षसम्म प्रत्येक वर्ष जरिवाना रकम शत प्रतिशत थप हुने गरी एक पटकको लागि नविकरण गर्ने निर्णय गरियो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा विगु गाउँपालिकाका स्थानियहरुको विभिन्न समयमा विपदको कारण पिडितलाई तपसिल बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र स | सहायता पाउनेको नाम थर | ठेगाना | आर्थिक सहयोग | कैफियत |
|---|---|---|---|---|
| १ | विर वहादुर तामाङ | विगु २ | रु २५,०००। | घर आगालागी भएको |
| २ | विष्णु भुजेल | विगु ७ | रु १५,०००। | अन्न बालीको क्षति भएको |
| ३ | सुखमान थामी | विगु ८ | रु २५,०००। | घर आगालागी भएको |
| ४ | टल बहादुर थामी | विगु ६ | रु २५,०००। | मृगौला रोगबाट ग्रसित |

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा विगु गाउँपालिकाका सम्पूर्ण सामूदायिक विद्यालयहरुमा प्र.अ. नियुक्तिको सन्दर्भमा हाल कार्यरत प्र.अ.हरुलाई विद्यालयको भौतिक र शैक्षिक सुधार कार्ययोजना पेश गर्न लगाई निजहरुसँग कार्य सम्पादन करार समेत गरी सो को परिणामको आधारमा प्र.अ. राख्ने व्यवस्था गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा विगु ५ चिलंखा स्थित चक्रेश्वरी सामूदायिक स्वास्थ्य इकाई सञ्चालनका लागि नेपाल हेल्पलाइ स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा विगु गाउँपालिकाको आन्तरिक श्रोतद्धारा व्यहोर्ने गरी गाउँपालिका अध्यक्षको सचिवालयमा कानून र सूचना प्रविधि तथा प्राविधक क्षेत्रमा दक्षता भएको अधिकृतस्तर छैठौ तहको कर्मचारी तथा परामर्श सेवा करारमा लिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा विगु गाउँपालिकाको सम्भावित विपद तथा जोखिमको सन्दर्भमा विपद व्यवस्थापन समितिको बैठक बस्ने र विपद पूर्व तयारीका आवश्यक सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा विगु गाउँपालिकाको प्रत्येक वडामा २ जना जनही रु. २४,०००।- पारिश्रमिक दिने गरी असार, साउन र भदौ महिनाको लागि सडक हेरालु वडाध्यक्ष मार्फत नियुक्ति गराउने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ उपर छलफल गर्दा विगु गाउँपालिका रोजगार संवाद मञ्च व्यवस्थापन कार्यविधि २०८० स्वीकृत गरियो ।

१३. प्रस्ताव नं १३ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं ७ मा सम्पन्न भएको योजना ककलिङ अम्बाडोल, मूलखोला बसपार्क सडक मर्मतको काम इष्टमेट अनुसार मूल्यांकन भइ पेश भएकोमा योजना सम्पन्न भएकोले भुक्तानी गर्ने निर्णय गरियो ।